नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तुलसीपुर, दाङ

## पौष महिनाको गतिविधि

१. शान्तिनगर गा.पा. वडा नं. ३ का अध्यक्ष लगायत वी.पि.मा.वि. वयालेका शिक्षक तथा विद्यालयको भवन निर्माण सम्बन्धी उपभोक्ता समितिका सदस्यहरुसंग लैङ्गिक र अपाङ्गता भएका व्यक्तिको लागि निर्माण हुँदै रहेको भवन निरीक्षण गरियो र सो विषयमा छलफल भएको ।

२. जिल्ला प्रशासन कार्यालयद्वारा निर्णय भए बमोजिम यस कार्यालयले पनि कोभिड-१९ सङ्क्रमणको समयमा छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्ने सम्बन्धि संक्षिप्त कार्यविधि २०७७ बनाएको ।

३. कार्यालयले तीन महिनामा गरेको कामको स्वः प्रकाशन गरेको ।

४. तुलसीपुर बजारमा कुखुराको दाना सम्बन्धी अनुगमन भई परीक्षणको लागि नेपालगञ्ज पठाएको ।

५. आन्तरिक राजस्व कार्यालय, तुलसीपुरद्वारा आयोजना गरिएको बैठकले जिल्लास्तरीय अवैध मदिरा नियन्त्रण सम्बन्धमा हरसम्भव प्रयास गर्ने निर्णय गरेको ।

६. खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आयोजना गरेको होमस्टे सन्चालकहरुको तालिम कार्यक्रममा सहभागिता ।

७. तुलसीपुर उ.म.न.पा. द्वारा आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई तहाँ उठेका सम्बन्धित प्रश्नहरुको जवाफ दिईएको र अन्य शान्ति सुव्यवस्था सम्बन्धी विषयहरु समाधान गर्न ईलाका प्रहरी कार्यालयमा लेखि पठाईएको ।

८. पेट्रोलियम पदार्थको शुद्धता परीक्षण सम्बन्धि समितिमा रही शुद्धता परीक्षण गर्न नमूना संकलन गरेको ।

९. गत श्रावण देखि पौष मसान्तसम्म यस कार्यालयको क्षेत्राधिकारमा परेको ईलाका स्तरीय ६ वटा कार्यालयको अनुगमन गरिएको र सो को प्रतिवेदन जिल्ला प्रशासन कार्यालय दाङमा पेश भएको ।

२०७७/१०/०५

आनन्द पौडेल
उप-सचिव